मेरो साप्ताहिक

मेरो साप्ताहिक Mero Saptahik

वर्ष : ५ • अंक : १५ • पूर्णांक : २१४ • वि.सं. २०८० फागुन १५ मंगलवार • ने.सं. ११४४ सिल्लागाः तृतिया • 2024 February 27 • पृष्ठ ८ • मूल्य रू. १०।-

हनुमानढोका दरबार क्षेत्रको प्रतिष्ठा जोखिममा पुरानै स्वरुपमा पुन:निर्माण गर्नुपर्ने अभियन्ताहरुको माग

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौंको मुख्य सांस्कृतिक केन्द्रको रुपमा रहेको हनुमानढोका दरबार क्षेत्रको प्रतिष्ठामा अहिले प्रश्नचिन्ह खडा भएको छ।

हनुमानढोका दरवार क्षेत्रको हाल पुरानो प्रहरी कार्यालय रहेको भवनमा १९९० सालअघिसम्म तीनतले सत्तल थियो। नब्बे सालको भूकम्पले सत्तल भत्किएपछि त्यो पुनर्निर्माण हुन सकेन। विशाल मूर्ति कालभैरवको पश्चिमपट्टि साढे २ दुई रोपनी जमिनमा वि.सं. २०१५ सालमा प्रहरी भवन बनाइएको थियो। २०७२ सालको भूकम्पपछि हनुमानढोका दरबार क्षेत्रमा रहेको जिल्ला प्रहरी परिसर कार्यालय टेकुमा सारिएको छ।

इन्द्रजात्राको अवसरमा भक्तपुरको महांकाल नाच देखाउने डबली मासेर यहीं सिँढी बनाइएको छ भने लिच्छविकालीन राजपरिवारका सदस्यले दिवंगत आफन्तको शान्तिको कामना गरी दियो बाल्ने ठाउँमा तीनतले कंक्रिट भवन रहेको छ। इन्द्रजात्राका बेला बाजा बजाउने, सेतो मत्स्येन्द्रनाथ रथयात्राका क्रममा दियो बाल्नेलगायत धार्मिक गतिविधि हुने यस क्षेत्रमा प्रवेशद्वार र पर्खाल ठड्याइएको छ।

अहिले रेड स्टिकर लागेको उक्त भवनले विश्व सम्पदामा सूचीकृत सम्पदा क्षेत्रलाई कुरूप मात्र बनाएको छैन, कतिबेला यो भत्किएर मानवीय दुर्घटना हुने भन्ने जोखिम पनि बढाएको



छ। भूकम्प गएको ८ वर्ष बितिसक्दा पनि जोखिमयुक्त भवन भत्काउन न गृह मन्त्रालयले चासो दिएको छ, न त संस्कृति मन्त्रालयले नै पहल थालेको छ।

यसैबीच सम्पदा अभियन्ताहरूले उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठ, संस्कृति तथा पर्यटनमन्त्री सुदन किरातीलाई भेटेर प्रहरी कार्यालयको जीर्ण भवन भत्काएर पुरानै स्वरूपमा ल्याउन माग गरे पनि त्यसलाई बेवास्ता गरिएको छ। हनुमान ढोका दरबार क्षेत्रको प्रतिष्ठा बचाउन सरकार मूकदर्शक बन्दै आएको अभियन्ताहरूको आरोप छ।

'विश्वभरिका पर्यटक आउने दरबार क्षेत्रमा उक्त भवनले सम्पदालाई गिजाइरहेको छ,' सम्पदा संरक्षण महाअभियानका संयोजक यादवलाल कायस्थले भने, 'यस भवनलाई भत्काएर पुरानै स्वरूपमा ल्याउन सरोकारवाला निकायलाई पटक-पटक मौखिक र लिखित जानकारी गराएका छौं। तर, आश्वासनबाहेक केही पाउन सकेनौं।' उनका अनुसार न्यायमूर्तिको रूपमा मानिने कालभैरवलाई साक्षी राखेर न्याय दिने प्रचलन अनुसार आजभन्दा ६५ वर्षअगाडि दरबार क्षेत्रमा प्रहरी भवन स्थापना गरिएको हो।

'मनोरञ्जन लिन आउने, भजनकीर्तन हुने क्षेत्रमा हत्कडी लगाएका व्यक्ति आउजाउ गराउने र प्रहरीका हातहतियार तथा रासनका सामान गाडीमार्फत ल्याउने/लैजाने गर्दा दरबार क्षेत्र शोभनीय देखिएको थिएन,' उनले भने, 'प्रहरी भवन भत्काएर पहिलाकै अवस्थामा फर्काउन सके दरबार क्षेत्रको प्रतिष्ठा बढ्नेछ।' जनतामा विश्व सम्पदाप्रति अपनत्व जगाउन र सम्पदा संरक्षणको चेतना जगाउन प्रहरी, पुरातत्त्व विभागलगायत सबै जना मिलेर भवन भत्काउनुपर्ने उनको सुझाव छ। यस क्षेत्रलाई पुरानै स्वरूपमा ल्याउन सके कोत पर्व भएको क्षेत्रलाई सर्वसाधारणले सजिलै अवलोकन गर्न सक्ने उनको भनाइ छ।

हनुमान ढोका दरबार हेरचाह अड्डाका कार्यकारी निर्देशक सन्दीप खनालले प्रहरी भवन गृह मन्त्रालय मातहत भएकाले आफूहरूले भत्काउन नसकेको बताए। 'आवश्यक कानुनी अड्चन फुकाउन पत्र लेखेर पठाइसकिएको छ,' उनले भने, 'समयमा भत्काउन नसकेमा मानवीय क्षति हुने सम्भावन बढी छ।'

गृह मन्त्रालयले सहमति दिएमा पुरानै स्वरूपमा पुनर्निर्माण गर्न आफूहरू तयार रहेको पुरातत्त्व विभागका महानिर्देशक सौभाग्य प्रधानाङ्गले बताइन्। 'उक्त प्रहरी भवन प्राचीन स्मारक संरक्षण ऐनविपरीत पनि छ,' उनले भनिन्, 'गृह मन्त्रालयले पक्कै पनि पुरानै स्वरूपमा फर्काउनले निर्णय गर्ने अपेक्षा छ।' उनले गृह मन्त्रालयले सहमति दिएमा लोप भइसकेका अमूर्त संस्कृति सम्पदा पनि पुनः सञ्चालनमा आउने बताउनु भयो।

काठमाडौं महानगरपालिकाका प्रवक्ता नवीन मानन्धरले गृह मन्त्रालयले सहमति दिएमा पुरातत्त्व विभागसँग सहकार्य गरेर अगाडि बढ्न तयार रहेको बताए। 'युनेस्कोमा सूचीकृत क्षेत्रमा आधुनिक भवन बन्नु हुँदैन,' उनले भने।

नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक भीमप्रसाद ढकालले दरबार क्षेत्रमा रहेको भवनको विषयमा के गर्ने भन्ने विषयमा काठमाडौं महानगरपालिकासँग समन्वय भइरहेको बताए। 'पुरानै स्वरूपमा लैजाने विषयमा सबै जना सकारात्मक छौं,' उनले भने।

गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्टराईले पुरानै स्वरूपमा ल्याउन गृह मन्त्रालयले मात्र नभई अन्य विभिन्न निकायसँग समन्वय आवश्यक रहेको बताए। 'काठमाडौं जिल्ला प्रहरी परिसरको भवन स्वास्थ्य मन्त्रालय पछाडिपट्टि बनिरहेको छ,' उनले भने, 'दुई/तीन महिनाभित्र निर्माण सम्पन्न भई टेकुको परिसर त्यहाँ सर्नेछ।'

लुम्बिनीमा फागुण २० गतेदेखि तीनदिने त्रिपिटक पाठ

• **मेरो संवाददाता**

काठमाडौं/भगवान गौतम बुद्धको जन्मस्थल लुम्बिनीमा यही फागुण २० गते आइतबारदेखि तीनदिनसम्म त्रिपिटक पाठ हुने भएको छ। आइतवार अखिल नेपाल भिक्षु महासंघको आयोजनामा सो पाठ गरिने बानेश्वरस्थित विश्वशान्ति विहारमा आयोजित पत्रकार भेटघाटमा बताइएको छ।

तेह्रौं लुम्बिनी अन्तर्राष्ट्रिय त्रिपिटक पाठ - २०८० को नाम दिएर हुन लागेको सो पाठमा नेपालका भिक्षुसँगै भारत, थाईल्याण्ड, म्यानमार (बर्मा) का भिक्षुहरुको समेत सहभागिता रहने महासंघका सचिव भिक्षु निग्रोधले बताउनु भयो।

बुद्धजन्मभूमी लुम्बिनी विश्व शान्तिको मुहानको रुपमा प्रवर्द्धन गरी संसारभरि चिनाउने, लुम्बिनीको धार्मिक वातावरण अक्षुण्ण राख्दै सबैको मैत्री, करुणा र शान्तिको कामना गरी सो पाठ आयोजना गरिएको सचिव भिक्षु निग्रोधको भनाई रहेको छ।

त्रिपिटक बुद्धधर्मको मूल प्रमाणिक ग्रन्थ हो। २५ सय वर्ष अघि मागधि (पाली भाषा)मा लेखिएको सो ग्रन्थ सुत्र पिटक (सैद्धान्तिक, व्यावहारिक जनजीवन सम्बन्धी), विनय पिटक (विनय नियम) र अभिधम्म पिटक (चित्तसम्बन्धी) गरी तीन भागमा वर्गीकरण गरिएको छ।

१८ वडामा माघ महात्म्य सम्पन्न

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिका १८ वडाको आयोजनामा संचालन भएको एक महिने माघ महात्म्य कथा वाचन शनिवार सम्पन्न भएको छ। शुशिल राजोपाध्यायले एक महिनासम्म कथा वाचन गर्नुभएको कार्यक्रम १८ वडा जेष्ठ नागरिक मनोरञ्जन केन्द्रको प्रांगणमा संचालन गरिएको थियो। कथा श्रवणमा स्थानीयबासीहरुको उल्लेख्य सहभागिता रहेको थियो।

राष्ट्रियताको लागि समर्पित
मेरो साप्ताहिक
मचा साप्ताहिक Mero Saptahik

प्रकाशक तथा सम्पादक : रत्न काजी महर्जन
सह-सम्पादक : विजय कुमार सिंह
फोटो सम्पादक : प्रबिन महर्जन
व्यवस्थापन : नहकुल महर्जन
प्रेस व्यवस्थापन : नविन सिंह
लेआउट : सुनिता महर्जन
सुर संसार ग्राफिक्स कर्नर
कार्यालय : किलागल, काठमाडौं-२४
सम्पर्क : ५८४१२१५२५०, ०१५५०५२५०
meroweekly@gmail.com
मुद्रण : प्रिन्ट स्काई, काठमाडौं ।

सम्पादकीय

महिलामाथि विभेद कहिलेसम्म ?

नेपाली समाज पुरुष प्रधानसमाजबाट अझै पनि माथि उठ्न सकेको छैन। संविधान र कानूनले महिला पुरुषलाई बराबर भने पनि व्यवहारमा भने अझै पनि महिलामाथिको थिचोमिचो कायम नै रहेको प्रमाण हालै क्रिकेट एशोसिएन नेपाल (क्यान)ले गरेको खेलाडी वर्गीकरण र उनीहरुको पारिश्रमिक निर्धारणले प्रष्ट पारेको छ। क्यानले महिला र पुरुष क्रिकेटरहरुलाई ५-५ श्रेणीमा वर्गीकरण गर्दै उनीहरुको तलबमान समेत तोकिदिएको छ। जसमा 'ए' श्रेणीमा रहने पुरुष खेलाडीहरुले प्रतिमहिना एक लाख रुपैयाँ पारिश्रमिक पाउने उल्लेख गरिएको छ भने महिला खेलाडीहरुलाई सोही श्रेणीमा ५० हजार रुपैयाँ पारिश्रमिक तोकिएको छ। जुन पुरुषको श्रेणी 'डी' भन्दा पनि कम हो। पुरुष श्रेणी डीका खेलाडीहरुको पारिश्रमिक क्यानले ५५ हजार तोकेको छ।

पछिल्लो समयमा हेर्ने हो भने नेपाली महिला क्रिकेटरहरुको प्रदर्शन पनि उत्तिकै प्रशंसनीय र महत्वपूर्ण देखिन्छ। पछिल्लो समय श्रेणी वर्गीकरण र तलब घोषणाले पुरुष खेलाडीहरुमा उत्साह थपिने देखिए पनि महिला खेलाडीहरुलाई भने हतोत्साहित त गर्ने होइन भन्ने प्रश्न उत्पन्न भएको छ।

नेपालको संविधानको भाग ३ मौलिक हक र कर्तव्य अन्तर्गत धारा १८ समानताको हकको उपधारा (४) मा प्रष्टरुपमा 'समान कामका लागि लैंगिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन' भनि उल्लेख गएिको छ। यसर्थ क्यानले गरेको निर्णय सर्वथा संविधानको समेत विपरित रहेको छ।

खेलकूदको क्षेत्रमा महिला खेलाडीहरुको योगदान पनि पुरुष खेलाडीहरुको जस्तो महत्वपूर्ण छ। पछिल्लो समय नेपालमा लोकप्रिय बन्दै गएको क्रिकेट खेलको विकास र यसलाई अझ प्रभावशाली बनाउनका लागि समेत खेलाडीहरुलाई प्रोत्साहित गर्नु आवश्यक छ। क्यानले कुन आधारमा महिला र पुरुष खेलाडीहरुको तलब तोकेको हो र यसले खेलाडीहरुको मनोबलमा कस्तो असार पार्छ भन्ने कुरामा स्पष्ट पार्नु जरुरी छ। होइन भने भोलिका दिनमा महिला क्रिकेट फस्टाउनुको सत्ता मुर्झाउँदै जानेछ। खेलाडीहरुको उच्च प्रदर्शनका लागि उनीहरुको शारीरिक अवस्था मात्र होइन मनोबलले पनि धेरै काम गरेको हुन्छ। अझ क्यान जस्तो संस्थाले महिला र पुरुषबीचको विभेद अन्त्यका लागि उचित पहल थालेमा संघकै पनि गरिमा उच्च हुनेछ।

समाज र महिला पत्रकारका चुनौति

✍ सुनिता महर्जन

पत्रकारिता क्षेत्रमा आफुलाई चाहिने तथ्य संकलन गर्न सुविधा युक्त समय भनेको हुँदैन। पत्रकारिता क्षेत्रमा लाग्ने मानिस २४ घण्टा ड्युटिमा खटिनु पर्ने हुन्छ, जुन महिलाको लागि सहज हुँदैन। कहिले काहिँ त समाचार संकलन गर्दा रात विरात पनि पर्ने गरिन्छ। महिलामाथि यौन दुर्व्यहार वा बलात्कारको शिकार पुरुष प्रधानसमाजको एक विकृत रुप हो। महिला पत्रकारहरु पनि यस विकृतिको मारमा परेका छन्।

समाजमा महिलाको परिचय भनेकै एक नारीले परिवारलाई माया र संस्कारबाट स्वर्ग भैं पारिएको घर र रिस राग द्वोषबाट परिवारका प्रत्येक सदस्यलाई एक अर्काको मुख नै हेर्न नपर्ने गरि छुट्याएकोले गर्नको बास गराउनेसम्मको छवि दिने गरिन्छ। परिवारमा महिला शिक्षित भयो भने घरै उज्यालो हुने जनजीवनमा भनाई नै छ। नेतृत्व गर्ने नारीहरुलाई सवभन्दा पहिलो चुनौति भनेको नै परिवार हो। परिवारबाट बाहिर निस्केपछि अझ पाइलै पिच्छे चुनौति थपिन आउनु स्वभाविक हो। त्यहि चुनौतिलाई आत्मासाथ गर्दै अघि बढ्ने महिला गन्तव्य पुग्छ। आलोचनाबाट डराई भाग्ने महिला पाइलै पिच्छै समस्यामा पर्न सकिन्छ। महिलाहरुलाई हरेक क्षेत्रमा चुनौतिको सामना गर्नुपर्छ। चुनौति सित लड्न सक्ने नारीले नै सफलता हात पार्छ। हुनत अहिलेको समयमा सफलताले भन्दा नातावाद कृपावादले ठाउँ लिइरहेको अवस्था छ। भन्ने बेलामा हाम्रालाई हैन राम्रालाई भने पनि ब्यवहारमा भने राम्रालाई हैन हाम्रा भन्ने यथार्थ पाइन्छ। पत्रकारिता आफैमा एक चुनौतिको विषय हो। नारी र पुरुष दुवैलाई चुनौति भएपनि नारीलाई नारी भएकै कारण थप चुनौति रहेको छ।

नेपालको इतिहासमा महिलालाई पढाईबाट बन्चित भएका नारीहरुलाई पढ्न पाउने अधिकारमा वि.सं २००४ सालमा स्थापना भएको महिला संघ नेपालका अध्यक्ष मंगलादेवीको ठुलो योगदान रहेको छ। उहाँले राणाहरुले महिलाको लागि के गर्न सक्छौं भनी सोधिएकोमा हामीले पढ्न पाउनु पर्छ भनि दिएको उत्तरले महिलाले पढ्न पाउने अधिकार पाएको वर्ष मानिन्छ। त्यस्तै गरि नेपालको राजनीतिमा महिलाहरुलाई भोट दिन पाउने अधिकार पनि २०१० सालमा महिलाहरुकै आन्दोलनबाट पाएको हो। राजनीतिमा मात्र होइन महिलाले आफ्नो स्थान बनाउन हरेक ठाउँबाट संघर्ष गरेको छ।

नेपालको पत्रकारिताको इतिहासमा नेपालमा वि.सं. १९५५ मा सुधासागर साहित्यिक पत्रिकाबाट शुरु भएको कुरा उल्लेख गरिएता पनि पत्रकारितामा महिला नेतृत्वको कुरा गर्नु पर्दा विसं २००८ सालमा साधना प्रधान र कामाक्ष कामादेवीको सम्पादकत्वमा निकालिएको महिला मासिक पत्रिकालाई मान्ने गरेको छ। यस महिला पत्रिकाबाट अरु महिला पत्रकार जन्मिएको कुरा पनि नकार्न सकिदैन। त्यसपछि विस्तारै रेडियो, टेलिभिजन, छापा माध्यममा संलग्न महिला पत्रकारहरू संस्था २०५२ मा 'संचारिका समूह' को स्थापना भएको देखिन्छ। महिला हकअधिकार तथा महिलाका विविध मुद्दामा प्राथमिकताका साथ कलम चलाउन 'अस्मिता' पत्रिकाको पनि उदय भएको देखिन्छ।

विभिन्न चुनौतिको वावजुत पनि महिला पत्रकारहरु उडाउँदै आएको र हराउँदै गएको पाइन्छ। नेपाल पत्रकार महासंघको तथ्यांकअनुसार नेपालको करिब १३ हजार ७७ पत्रकारमध्ये महिलाको संख्या मात्र दुई हजार चार सय आठ रहेको पाइन्छ। जून मात्र १८.४१ प्रतिशत हुनआउँछ।

महिला पत्रकारको संख्या बृद्धि गर्ने हो भने पत्रकारिता क्षेत्रमा महिलालाई केन्द्रित गरि श्रमजीवी पत्रकार ऐन कार्यान्वयनमा ल्याउनुपर्छ पत्रकारितालाई राजनीतिक प्रभावबाट मुक्त बनाइ महिलामैत्री वातावरण सिर्जना हरेक ठाउँमा हुनुपर्छ।

आजभोलि महिला पत्रकार हेर्ने हो भने टेलिभिजन, रेडियो, एफ एम, पत्रिका र अनलाईको कुरा गर्ने हो भने रेडियो, एफएम र अनलाईनमा बढि आकर्षण भएको पाइन्छ। एक त आफ्नै कोठाबाट गर्न सकिने अर्को आफुलाई सुविधा भएको समयमा रिकर्डिङ्ग गरि बजाउने मिल्ने भएकोले महिला बढि मात्रामा त्यहाँ अल्झिरहेको देखिन्छ। फिल्डमा गइ काम गर्दा जुन आत्मा सन्तुष्टि हुने हो जोखिमका कारण महिलाहरुले पाइला पछाडि सार्ने गरेको पाइन्छ। सुन्दर अनुहार परेकोले मात्र पर्दामा आउन सक्ने मानसिकताले क्षमता भएर पनि महिलाहरु केन्द्रित हुन सकिरहेको अवस्था छैन। अर्को समाज ऐना भनेको श्रव्यदृष्य पनि हो जुन माध्यममा हाँस्यव्यङ्गको आडमा टिआरपि बढाउन महिलालाई विभिन्न माध्यम बनाएर समाजका बिकृतिको रुपमा देखाउँदै आएको छ। यसबाट महिलालाई पर्न जाने असरलाई कसरी लिने ?

पत्रकारिता क्षेत्रमा आफुलाई चाहिने तथ्य संकलन गर्न सुविधा युक्त समय भनेको हुँदैन। पत्रकारिता क्षेत्रमा लाग्ने मानिस २४ घण्टा ड्युटिमा खटिनु पर्ने हुन्छ, जुन महिलाको लागि सहज हुँदैन। कहिले काहिँ त समाचार संकलन गर्दा रात विरात पनि पर्ने गरिन्छ। महिलामाथि यौन दुर्व्यहार वा बलात्कारको शिकार पुरुष प्रधानसमाजको एक विकृत रुप हो। महिला पत्रकारहरु पनि यस विकृतिको मारमा परेका छन्। त्यसमाथि पनि घर परिवारले समेत कुन्था, शंका र हेयको दृष्टिले हेर्ने, छरछिमेकिले पनि इज्जतको कुरा ल्याइ मानसिक तनाव दिने जस्ता व्यवहारले महिलाहरु ग्रस्त भइरहेको अवस्था छ।

प्रशासनिक समाचार संकलन वा कुनै आन्दोलनको समाचार तथ्यसत्य प्रस्तुत गर्दा वा राजनीतिक व्यक्तिको करतुतको कुरा खोतल्दा ज्यान मार्ने धम्की मात्र नभई परिवारलाई समेत असर पर्ने गालि गलौज वा मानसिक तनावको पनि सामाना गर्नु पर्ने अवस्था हुन्छ।

हामी पुरुष प्रधान समाजको कुरा गरिरहँदा महिलाहरु हात्तेमालो गरि अगाडि बढ्नु पर्ने अवस्था छ। तर एक महिलाले आफु अगाडि बढ्न अरु महिलालाई हत्तोसाहित गर्ने प्रवृत्ति छ। एक महिलाको अवस्थामा अर्को महिलाले साथ र सहयोग दिनु अति आवश्यक छ। एक महिलालाई आपत परेको बेला सबै महिला एकजुट भइ आवाज बन्नु पर्छ।

कलाकार अशेष डंगोलद्वारा राहत वितरण

• **रिदेन महर्जन**

काठमाडौं/अन्तराष्ट्रियस्तरमा ख्यातिप्राप्त नेपालका ब्लुज कलाकार अशेष डंगोल उर्फ हिमालयन हेन्ड्रिक्सको टोली र अमर क्षेत्री फाउण्डेशनको सहयोगमा जाजरकोटका भुकम्प पिडितहरुलाई राहत वितरण गरिएको छ।

थ्वहे फागुन ८ गते मंगलवाः जाजरकोट जिल्लाया नलगाड नगरपालिका वडा नं. १० स्दाका स्थानीय भूकम्पपीडितहरुलाई राहत वितरण गरिएको हो।

कलाकार अशेष डंगोलका साथमा पत्रकार रिदेन महर्जन, देवी राना र नितेश ढकालसम्मिलित टोलीले जाजरकोटको नलगाड नगरपालिकाको भूकम्पबाट धेरै क्षति पुऱ्याएको क्षेत्रको स्थलगत निरीक्षण गर्दै वडा नं. १० स्दाका ६० घरका १०० भन्दा बढी स्थानीय बासिन्दाहरुलाई कम्बल, ११ जना गर्भवतीहरुलाई खास्टो वितरण र आर्थिक कमजोर भएका परिवारलाई खाद्यान्न र आर्थिक सहयोग प्रदान गरेको थियो।

राहत वितरण कार्यक्रमकै क्रममा स्दा जस्तो विकट ठाउँमा पहिलोपटक कलाकार अशेष डंगोलले गितार तथा स्थानीय कलाकार राम बहादुर नेपालीले नगडा र मादलमा अशोक रावतको साथमा कलाकार डंगोलले रचना गर्नुभएको नयाँ गीत प्रस्तुत गर्नुभएको थियो।

राहत वितरणका क्रममा भूकम्पपीडित श्री जन एकता प्राथमिक विद्यालयको प्रगति तथा विद्यार्थीहरुको उज्वल भविष्यको कामना गर्दै सय विद्यार्थीहरुलाई पुग्ने शैक्षिक सामग्रीहरु पनि हस्तान्तरण गरिएको थियो।

भजन शिरोमणि भक्तराज आचार्यको निधन

• **मेरो संवाददाता**

काठमाडौं/ भजन शिरोमणिको उपाधिबाट सम्मानित वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यको सोमबार अपराह्न ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको छ।

८२ वर्षीय आचार्य ३० वर्षदेखि दूध मात्रै खाएर बाँचिरहनु भएको थियो। अपराह्न साढे ४ बजेतिर अचानक अक्सिजन लेभल कम भएपछि छोरा स्वरुपराज र लम्सालले उनलाई मेडिसिटी अस्पताल लैजाँदै गर्दा बाटोमै निधन भएको हो। गत दशैंमा लडेर उनको टाउकोमा चोट लागेको थियो।

आचार्यको पार्थिव शरीरलाई मंगलबार बिहान ९ बजे संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिने भएको छ। राष्ट्रिय सम्मानका साथ उहाँको बिदाइ गर्ने तयारी छ।

१९९९ सालमा धनकुटामा जन्मिएका आचार्यको नेपाली सुगम संगीतमा विशिष्ट स्थान छ। उनी स्वरसम्राट नारायणगोपालका समकालीन गायक हुन्। आचार्यका मुटु जलिरहेछ, जति चोट दिन्छौ, जहाँ छन् बुद्धका आँखा, हजार सपनाहरुको, माया मेरी साँझ बिहान, हजार आँखा हेर्ने लगायत गीत लोकप्रिय छन्।

आचार्यले झण्डै ४०० गीतमा स्वर तथा संगीत दिएका छन्। आचार्यको निधनप्रति संगीतकर्मी, सर्वसाधारणदेखि राजनीतिक दलका नेताहरुले श्रद्धाञ्जली व्यक्त गरिरहेका छन्। पूर्वप्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सामाजिक सञ्जाल मार्फत आचार्यप्रति श्रद्धाञ्जली व्यक्त गरेका छन्।

राम प्रजापति
प्रोप्राइटर
हारती मिठाई भण्डार
(शुद्ध शाकाहारी)
कालिमाटी चोक, टंकेश्वर मार्ग, काठमाडौं।
फोन नं. : ५३७२१९९, मो. ९८०३९८०६९९
यहाँ :- विवाह, व्रतबन्ध, पार्टी, पिकनिक तथा अन्य शुभकार्यको लागि अर्डर अनुसार मिठाईको व्यवस्था गरिन्छ।

संगीत चर्चा

संगीत परिचय - २

✍ **गंगादेवी महर्जन**

प्रकृतिका ती आवाजहरु जसले मानिसहरुको मन-मस्तिष्कलाई छोएर उल्लासित गरीदिन्छ, त्यही सभ्यताको विकाससँगै संगीतको साधन बन्यो।

संगीतको जन्म नादबाट भएको पूर्वीय दार्शनिकहरुको विचार रहेको छ। नादका चार भागहरु परा, पश्यन्ती, मध्यमा र वैखरीमा मध्यमालाई संगीतोपयोगी स्वरको आधार मानिन्छ। १९ औं शताब्दीको उत्तरार्द्धमा भारतेन्दु हरिश्चन्द्रले संगीतको उत्पत्ति मानवीय संवेदनाबाट भएको बताएका थिए। उनले संगीतलाई गाउने, बजाउने, बताउने (केवल नृत्य मुद्राहरुबाट) र नाचनेको समग्र रुप भनेका छन्।

'संगीत' शब्द संस्कृतको 'सम्+गा' धातुबाट बनेको छ। जसमा सम्को अर्थ सहित र गाको अर्थ गाना वा गीत हो। अर्थात् संगीत भनेको गानासहितको नृत्य वा वाद्यवादन हो।

संगीतको विकासलाई हेर्ने हो भने हाम्रा पुराण तथा शास्त्रहरुमा विभिन्न देवीदेवताहरुले विभिन्न किसिमका बाजाहरु बजाएको पढ्न पाइन्छ। पूर्वी धर्मग्रन्थहरुमा मात्र होइन, पश्चिमी सभ्यतामा पनि विभिन्न मूर्ति, भित्तेचित्रहरुमा नृत्य तथा बाजाका चित्र कोरिएको देखिन्छ। यसले नै हजारौं वर्ष पहिले नै मानिसहरु संगीतसँग परिचित थिए भन्ने दर्शाउँछ।

पूर्वीय समाजमा संगीत रआध्यात्मको बलियो नाता छ। पूर्वीय दर्शनमा संगीतबाट आध्यात्म तथा मोक्षको प्राप्ति हुने विश्वास गरिन्छ। संगीतको प्राण भूत तत्व रागहरुद्वारा मन शांति, योग ध्यान, मानसिक रोगहरुको उपचार आदि विशेष लाभ प्राप्त हुन्छ। प्राचीन समयदेखि मानिसहरु संगीतको आध्यात्मिक एवं मोहक शक्तिबाट प्रभावित हुँदै आएको छ।

योग तथा ज्ञानको सर्वश्रेष्ठ आचार्य श्री याज्ञवल्क्यले संगीत एक प्रकारको योग भएको बताउनु भएको छ। संगीतको विशेषता भनेको यसमा साध्य र साधन दुवै सुखरूप हुनु रहेको पनि उहाँले बताउनु भएको छ।

संगीतलाई ईश्वर प्राप्तिको सुगम मार्ग भनिएको छ। संगीतमा मनलाई एकाग्र गर्ने एक अत्यन्त प्रभावशाली शक्ति छ त्यसैले नै ऋषि मुनिहरु यस कलाको प्रयोग परमेश्वरको आराधना गर्न गर्छन्।

जसले जे जसरी परिभाषित गरे पनि संगीत भनेको मानिसको हृदयलाई तरंगीत बनाइ दिने एक यस्तो साधन हो जसले मानिसको सुखदुःखमा साथ दिइरहेको हुन्छ। संगीतका सूरहरु जब छेडिन्छन् तब मानिसको हृदय उल्हादित हुने गर्दछ। संगीतले खुसीमा रौनक थपी दिन्छ भने दुःखलाई कम गरिदिने गरिन्छ। यसैले अहिले कतिपय चिकित्सा क्षेत्रमा संगीतको समेत प्रयोग हुन थालेको छ। यसै कारणले नै हाम्रा पूर्वजहरुले संगीतलाई हाम्रो संस्कृतिको अभिन्न अंगको रुपमा विकास गरेको हुनुपर्छ। जुन निरन्तर मानव सभ्यतामा अगाडि बढीरहेको छ।

नेवाः एफएम १०६.६ मेगाहर्जय्
हरेक बिहिवार
न्यनादिसँ, न्यंकादिसँ, ब्वति कयादिसँ
जि नं म्ये हालेसः
थीथी सिरपाः त्याका दिसँ ।
ब्वतिया निंतिं फोन ल्याः
०१४३३४२२२

नेवाः सः
Newa FM 106.6 MHz
नेवाः एफएम १०६.६ मेगाहर्ज
न्हिच्छि–चच्छि
२४ घन्टा प्रसारण
विश्व न्यंक प्रत्यक्ष : newafm.com.np
नेपालभाषा एकेदेमिया निंति
अनक मिडिया प्रा. लि.
न्यामसिमा, किपः, ललितपुर।
फोन ल्याः ४३३०२२१, ४३३४०००
ई-मेल : ankmedia.newafm@gmail.com
ग्रामो पात्रो

नेवाः पत्रकार राष्ट्रिय दबूको १२ औं साधारणसभा

नालाया लोकजीवन - ४

✍ **रत्न काजी महर्जन**

नवदुर्गा भवानी जात्रा :

शिवरात्री धुंकाःया शुक्रवाः शनिवाः व आइतवाः नवदुर्गा देवीया जात्रा याइगु खः। थुकी न्हापागु न्हि द्यः दुकायूगु, निन्हुखुन्हु प्याखं हुइकेगु व लिपांगु दिं न्या कायगु धकाः जात्रा यायूगु चलन दु। थन ख्वपया नवदुर्गा प्याखं हयाः थथे प्यपाखं हुइकेहइगु स्थानीय बुद्धिजीवी सिद्धिवहादुर कर्माचार्य कनादीगु खः।

नाला देसय् यक्व जात्रात मध्ये नवदुर्गा भवानीया जात्रा नं छगू खः। थ्व नं थनया जनतातय्सं महत्वपूर्ण रुपय् कायूगु याः। थ्व नवदुर्गा जात्रा थन होलिपुन्ही न्त्यः न्त्याकी। नवदुर्गा देवीत ख्वप देसं नालाय् हयूगु याइ। थन थ्व जात्राय् शुक्रवाः नगर चाःहीकी, शनिवाः मुख्य बलि बियाः पूजा याइ अले आइतवाः खुनु नाला देय् चाःहिकेगु याइ। अथेहे थ्व धुमधाम नगर परिक्रमा यानाः द्यःयात हाकनं छगू थासय् तयाः विसर्जन यानाः जात्रा क्वचायूकी।

थुगु जात्राया बारे नं छगू न्त्यइपुगु जनश्रुति दु। जनश्रुति थुकथं दु :

नाला देसय् ज्ञानसिं आचाजु धयाम्ह छम्ह तसकं नांजाःम्ह तान्त्रिक दु। न्हापान्हापा नालायापिं अधिकांश जनताया ज्या गामय् पिनातःगु वाया जाकि दयूकाः ख्वपय् यंकाः जाकि बियाः थःपिन्त छु छु सामान माःगु खः व न्याना हयूगु खः। अधिकांश नालाबासीपिनि लजगाः धइगु हे थ्वहे अनुसारं न्त्यानाच्वंगु जुयाच्वन।

छगू इलय् थथे ख्वपय् खेप वनीपिं मनूतयूत नवदुर्गा देवीं ध्यानदृष्टिं स्वयाः सिम्बाः धुम्बाःपिन्त छ्वयाहयाः चान्हय् हे द्यः त्वःथें च्वंक यानाः ख्वप वने लिबात धकाः ब्वनायंकाः भोग काइगु जुयाच्वन। थ्व इवलय् नालाया मनूत तसेंलि ज्ञानसि आचाजुं थ्व गथे जूगु धकाः बिचाः यानाः स्वःबलय् नवदुर्गा भोग काःगु हुनिं थथे जूगु धकाः सीकल। अले छन्हु ज्ञानसिं चान्हय् हे कल ज्वना पिहाँ वल। सिम्बाः धुम्बाःनं न्हापालिपा थें हे ब्वना यंकल। तर आचाजुं थःगु तन्त्रशक्ति छ्यलाः गोजा, जजंका, जाकी हयाः पूजा यानाः द्यःपिन्त तन्त्रशक्तिं चिनाबिल। तन्त्र मन्त्र विद्या पूजा यानाः गन्सी द्यः तयूत न्त्यः वयूका बिल अले सुथय् जुइत्यंवलय् द्यःतय्सं छितः जिमिसं गुरु माने याय् आःवंलि जिमिसं थथे यानाः थन दुःख बी मखु धकाः वाचा ल्हात। अले ज्ञानसिं आचाजु अथेसा छिकपिं दँय् छकः नाला देशय् चाःह्यू वयूमाः अले जिमिसं नवदुर्गा जात्रा याय् धकाः धाइ।

गंछिंद्यःपिसं 'जिपिं ला बांमलाः, त्वाःच्वामू, तुति तःपू, मिखा तग्वः, जिमित ला न्हिने वल कि ला अनया जनतातय्सं गिजे याना हिस्याइ' धाइ।

ज्ञानसिं आचाजुं अय् जूसा छिकपिं चान्हे बिज्याहुँ धाइ। नालावासी छगू परिवारया सदस्य छम्हेस्या इयाः प्वालं स्वई अले देवीपिन्स सिईकी व मनुखं द्यःधयापिं ला त्वाः च्वामूपिं तूती तःपूपिं धकाः जुयाच्वन धकाः मनय् तइ।

इयाया प्वालं स्वया च्वंगु खँ देवीपिन्स सी। ज्ञानसि आचाजुयात धाइ। ज्ञानसिं आचाजुं व इयालं स्वःम्हेसित सराः (सराप) बिया बिज्याहुँ धाइ। देवीपिन्स, छिमिगु परिवारय् अथेहे गलरी, तुती तपूपी छम्ह हे खाली मजुसे जन्मय् जुइमा धकाः सरा विइ। वहे सरा लगे जुयाः व छगू परिवारय् अजापिं तुती तपुपिं, गलरी वःपिं मनूत खाली मजू धैगु नालाबासीपिनि धापू दु।

विस्काः जात्रा :

ख्वपय् थें नालाय् नं बिस्काः जात्रा हनेगु चलन दु। थुगुजात्रायात कयाः बुद्धिजीवी सिद्धिबहादुर कर्माचार्यजु कनादीगु किम्वदन्ती थुकथं दु।

ज्ञानसिं आचाजु मन्त्र तन्त्र सम्ह गुरु मानेयाना कल ज्वना वनीगु नालावासी तयसं सिइकल अले छन्हूया दिनय ज्ञानसिं आचाजुया कलायात मे मेपिन्स छपिनी मिजं ला धुँ जुईफु हँ, तन्त्र मन्त्र याये फु हँ छन्त छक हे रुप हिला मक्योला धकाः न्यनी। अले ज्ञानसिं आचाजुया कलातं मक्यं धका धाइ। छन्हु कलाम्हेसिनं जिद्दि याना आचाजुयात धाइ, मखु छपि न्त्यागुं हे रुप कायेफु धका धागु न्यनाः, जित छक नं बियागु रुप स्वयूगु तसकं मं दु। छक्व क्यना विज्याहुँ धाइ।

ज्ञानसिं आचाजु छन्त माःगु खँ मखु, म्वामदुगु हालेमते धकाः न्हापाला कलाम्हसित न्वाइ। तर मिसा जिद्दी याई। थथे जिद्दि यासेलि आचाजुं जाकी छम्हु मन्त्र ब्वना कलायात विइ अले धाई "आ जि बि जुइत्यनाः। छन्त स्वय् गात कि आम जाकिं कयूकि अले जि हाकनं मनू हे जुइ।"

आचाजुं बिया रुप काइ। उगु रुप खनां कलाम्ह तसकं ग्याइ। अले जाकिं मकयूकुसे कलाःम्ह विस्युं वनी। बि रुपी ज्ञानसिं आचाजु ल्यू ल्यू वनाः जाकिं कयेकी ला धकाः वनी कलाम्हं थःत न्यायूत वल धकाः झन झन ग्याई। व मन्त्र यानातःगु जाकी फुक्क वाइ। ज्ञानसिं आचाजु बि जुयाः चाःचाःहिला च्वंगु ज्ञानसिं आचाजुया मामं सिइकी अले व बि खुसी वनी तर ज्ञानसिं आचाजुया मामं न्त्यपं छकू साला काइ। वहे ज्ञानसिं आचाजुयागु न्त्यपं छगू ल्वहंयात प्रतिक माने यानाः आतक नालावासीतय्सं बिस्का खुनु पूज्याइगु यानातःगु दु।

नाला करुणामय जात्रा :

वि.सं १९९० सालया त भुखाय् धुकां हाकनं नाला करुणामयया जात्रा न्त्याकुगु खनेदु। (बज्राचार्य, मुनीन्द्ररत्न, नेपालका चार प्रसिद्ध करुणामय लोकेश्वर, प्रमोदहर्ष बज्राचार्य, काठमाडौं, २०५८ः४२)

नाला करुणामयया देगः किलं नयाँ जिर्ण जूगुलि वि.सं १९९३ सालया पुजारी श्री लालबहादुर बज्राचार्य, साहु विन्दुलाल श्रेष्ठ व यँया आनन्दमुनि वज्राचार्य स्वम्ह जाना थ्व देगः जिर्नोद्धार यागु खनेदु। आनन्दमुनि बज्राचार्यया पहलय् श्री ३ जुद्धशमशेरं बक्स बिउगु न्यास चन्दा व अन च्वंपि स्थानिय मनूतय्गु ग्वाहालिं थ्व देगः जिर्नोद्धार जुगु खनेदु। लिपा वया जात्रायात निरन्तरता विइत ने.सं. १०७४ सालय् छगू गुथीया व्यवस्था याःगु खनेदु। (वहे २०५८ः४२)

नालाया करुणामय्या न्हवं दँय्दसं फागुन शुक्ल प्रतिपदा पूणि खुन्हु यानाःवयाच्वंगु दु। कन्हय् द्वितिया खुन्हु दुसौः पुजा जुइ। तृतीया खुन्हु करुणामययया दशकर्म विधि याइ। थ्व जात्रा बलय् दीपंकरया मूर्तियात जक जात्रा कथं नगरपरिक्रमा याइ। थुकिया शुरुवात ने.सं १०८० लिपा जक जुगु खनेदु। थ्व जात्रा स्वयत स्वनिगलिसें पन्ति, धुलिखेल निसें भक्तजनपिं वयूगु याइ। (वहे २०५८ः४३)

४. लिखँ

नेपाः देय्या म्हसीका हे नेवाःतय्गु रहनसहन, जात्रा, नखःचखः, तजिलजि खः। थुकिंयानाः हे नेपाः देय्या नां हलिम्ये बय्बय् जुयाच्वंगु दु। उकें नेपाः धइगु हे नेवाः खः। थ्व भी नेवाःतय्गु रहनसहन, जात्रा, नखःचखः तजिलजि हे भी थःथिति नाप लायूगु, आत्मियता अप्वयूकेगु छगू माध्यम नं खः। उकि भी फुक्कं जानाः भीगु थ्व जात्रा, नखःचखः तजिलजियात म्वाका तय्माः थुपिं मन्त धाःसा भी नेवाःतय्गु अस्तित्व नं थ्व हलिमं तनावनी। थ्व खँ भीसं ल्वःमंके मज्यू। भी नेवाःत छधी छप्पं जुयाः न्त्याःवनेमाः, भीगु नखःचखः जात्रा, तजिलजियात भीसं त्वःते मज्यू। लिपा वइपिन्त नं स्यंस्यं वनेमाः थथे जुल धाःसा जक भी नेवाःत दइ नेवाः दत कि नेपाः नं दइ।

लिधंसाः

श्रेष्ठ, ओमकारेश्वर, ने.सं. ११२२ भ्वंतया चण्डेश्वरी जात्रा, यूँ, रामभक्त भोमि

मानन्धर, ज्ञानकाजी वि.सं. २०६३ वनेपा स्तवन, रामदेवी मानन्धर, वनेपा

" " वि.सं. २०६७ वनेपा सातगाउँ, सुखावेती मानन्धर, वनेपा

स्मारिका वनेपा नगरपंचायत

Nepalese Culture Published by: Central Department of Nepaleses History, Culture and Archeology, Tribhuvan Univercity, Kirtipur

न्यनेकने,

ज्ञानकाजी मानन्धर, (७०) समाजसेवी, वरिष्ठ साहित्यकार, भ्वँत

रामभक्त भ्वँमि, (७०) स्थानीय बुद्धिजीवी, च्वमि, भ्वँत

राधादेवी श्रेष्ठ, (६५) डल्लु, यूँ

भुवन भ्वछिम्ब्वया (४७), स्थानीय बासिन्दा, जात्रा खलःया दुजः, भ्वँत

नेपालभाषा सिकौं/नेपालभाषा सयेके - ११७

खँग्वः	नेपालभाषा अर्थ	नेपाली अर्थ
गुथि हने, क्रि.	गुथि कथं हंक न्हेज्याके।	गुठी धान्नु पालना वा निर्वाह गर्नु।
गुन, सं.	१ सुयां भिं जुइगु ज्या, उपकार।	गुण।
	२. खुबि। ने. ल्याकत।	
गुनगान, सं.	सुयातं च्वे तयाः खँल्हायूगु छेनय् छुइगु।	प्रशंसा, श्लाघा, गुनगान।
गुन याये, (त)	गुहालि याये, उपकार याये।	गुन लाउनु, मद्दत गर्नु।
गुनकेरा, सं. (-फ्वः)	गुनकेरा, छताजि तः जिगु स्वां।	गुनकेसरीको फूल।

हलिं नेवाः गुथि गतिविधि

थक्वाथय् भिंद्यः पुजा क्वचाल

- **मेरो संवाददाता**

थक्वाः/थ्वहे फागुन ९ गते सिल्लाथ्व द्वादशी बुधवाः हलिं नेवाः गुथि थानकोट कथा व ब्यापार कवःया मंकाः ग्वसालय् भिंद्यः पुजा जुल। नेवाः समाजय् भिंद्यःयात व्यापार व्यवसाय बांलाकीम्ह द्यःकथं हनेगु चलन दु।

उगु हे ज्याझ्वलय् शिवराम श्रेष्ठयात हलिं नेवाः गुथिया थाकुलि ल्ययाः हनेज्या नं याःगु खः।

सिल्लाथ्व द्वादशीयात नेवाः समाजय् भिंद्यः द्वादशीकथं नं कायूगु यानवयाच्वंगु दु। थुखुन्हु भिंद्यःया पुजा यात धाःसा व्यापार व्यवसाय बांलाइगु व सदां भिं जुइगु जनविश्वास दु।

हलिं नेवाः गुथिया संरक्षक शान्तप्रकाश श्रेष्ठ, नायः विनोद महर्जन, केन्द्रीय दुजःपिं न्हुछे बहादुर श्रेष्ठ, गोपाल कृष्ण नकर्मी, सुरेश सैंजु, विष्णुभक्त गोपाली, व्यापार कवःया कजि निमेशमान श्रेष्ठ, दाह संस्कार कवःया कजि विश्वमान श्रेष्ठलिसें गुथिया दुजःपिसं थुगु ज्याझ्वलय् ब्वति काःगु खः।

समाजसेवी श्रेष्ठयात बिचाः हायूकल

- **मेरो संवाददाता**

यैं/हलिं नेवाः गुथि लिधंसा कचाया संयोजनय् समाजसेवी बालकृष्ण श्रेष्ठ मदुगुलिं बिचाः हायूकेगु ज्या याःगु दु।

हलिं नेवाः गुथि यैं महानगर समितिया दुजः शम्भुकृष्ण श्रेष्ठया अबु वयूकः मदुगु दुःखय् लिधंसा कचाया दुजःपिंलिसें हलिं नेवाः गुथि सम्पदा कवःया कजि धर्मनारायण महर्जन वयूकःया छैंय् वनाः बिचाः हायूकेगु ज्या याःगु खः।

मदुम्ह बालकृष्ण श्रेष्ठ यैं महानगरपालिका २४ वडाया पूर्व अध्यक्ष नं जुयादी। समाजसेवाया ख्यलय् थःगु जीवन समर्पण यानादीम्ह वयूकः ७९ दँ दुम्ह वयूकः ताःइलंनिसें दम ल्वयूया समस्या दुम्ह खः। वंगु बुधवाः वासः यायूगु हे इवलय् वयूकः मदुगु खः। पंचायतकालंनिसें हे यैं २४ वडाय् वडाध्यक्ष कथं निर्वाचित

जुयावयाच्वनादीम्ह वयूकः यैं २४ वडाय् न्याक्वःतक वडाध्यक्ष जुयाः सेवा यानादीगु खः। यैं २४ वडाया विकासय् वयूकःया तःधंगु योगदान दु।

लिपांगु स्थानीय चुनावय् नेकपा (एस)पाखें उम्मेदवारी बियादीम्ह वयूकः थ्वयां न्त्यः नेकपा (एमाले) पाखें निर्वाचित वडाध्यक्ष खः।

मदुम्ह श्रेष्ठया स्वम्ह काय् व छम्ह म्हयाय् दु।

अश्वमेघ यज्ञका साथ शालिनदि मेला सम्पन्न



• **किचः सिंह**

साँखु/शंखरापुर नगर साँखुको शालिनदि मेला अश्वमेघ यज्ञ गरि समापन गरियो। शंखरापुर नगर साँखुको शालिनदि परिसरमा एक महिना श्री माधबनारायण ब्रतको अन्तिम दिन फागुन १२ गते अश्वमेघ यज्ञ पुजा गरिएको हो। यस अश्वमेघ यज्ञ गर्दा अश्व चाहिँ राखिँदैन अश्वको प्रतीक जत्ता नरिवललाई राखिन्छ। अश्वमेघ यज्ञ गर्दा एक महिना व्रत बस्ने ब्रतालुहरुले १०८ थरि फुल, (१०८ तुक्रा फुल) तिका, आखे (सरुवा चामल), सुपारी, पान, दछिना, सिदा, पालंघासा, पंञ्चरंगि मोटो धागो, पञ्चरंगि मसिनो धागो, (माटोको सानो घैंटो) कलग्वप, पञ्चपल्लब, वर, पिपल, आँप, चाँप र पलान्देबि को पात, बयर सति बयर, उखु, केराउ, ग्वबर र कागले ननाघेको जल आदि जुताउनु पर्छ। यस अश्वमेघ यज्ञ गर्दा महिला ब्रतालुहरु छुन नहुने भएमा यस यज्ञमा सामेल गरिँदैन। टाढै बसेर हेर्न मात्र मिल्छ। यस बर्ष छुन नहुने महिला ब्रतालुहरुलाई अर्को बर्ष यज्ञमा सामेल गरिन्छ। तर अर्को बर्ष ब्रतालुहरुसँगै नराखि छुट्टै बस्नु पर्ने चलन रहि आएको छ। अश्वमेघ यज्ञ एक दिन अगाडि साँवा गण (एकमहिना व्रत बसि शंख फुक्ने ब्रतालुहरु, साँवा गणलाई सप्त ऋषि पनि भनिन्छ।)हरुले शंख फुकि अक्षता छरि वायु देब बाहेक अरु सबै देवी देबताहरुलाई निमन्त्रणा दिई आह्वान गरिन्छ। अश्वमेघ यज्ञ सम्पन्न भएसँगै माघ महिनाभरको व्रत सम्पन्न भएको मानिन्छ।

जगतसुन्दर ब्वनेकुथिको ३४ औं स्थापना दिवस

• **मेरो संवाददाता**

काठमाडौं/मातृभाषाको माध्यमबाट पठनपाठन गराइने देशकै पहिलो विद्यालय जगत सुन्दर ब्वनेकुथिको ३४ औं स्थापना दिवस गत शनिवार सम्पन्न भएको छ।

लुम्बिनी विश्वविद्यालयका पूर्वउपकुलपति प्रा. डा. हृदयरत्न वज्राचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा विद्यालयमा २२ वर्ष सेवा गर्नुभएकी शिक्षिका सृजना मानन्धरलाई ८० हजार नगदसहित विशेष सम्मान गरिएको थियो।

सोही कार्यक्रममा एसईई परीक्षामा नेपालभाषामा सबैभन्दा बढी अंक ल्याउने विद्यार्थीहरु प्रेरणा शाक्य र सिजन खड्गीलाई विरन्चि मोतिमाया सिरपाः र शान्ति सिरपाः प्रदान गरिएको थियो।

विद्यालय संचालक समितिका अध्यक्ष प्रा.डा. चुन्दा वज्राचार्यको सभापतित्वमा भएको कार्यक्रममा उत्कृष्ट शिक्षिका चैत्यमाया डंगोललाई पनि नगदसहित सम्मान गरिएको थियो भने विद्यालयलाई विविध रुपमा सहयोग गर्नुहुने महानुभावहरुलाई पनि धन्यवादपत्र प्रदान गरिएको थियो।

गुडविल कन्सल्ट प्रा.लि. १९ बर्षमा प्रवेश

• **मेरो संवाददाता**

काठमाडौं/गुडविल कन्सल्ट प्रा.लि. १९ बर्षमा प्रवेश गरेको छ।

शैक्षिक भिषा, पार्टनर भिषा, भिजिट भिषा, पारिवारिक भिषाका साथसाथै नेपालबाटै स्किल्ड माईग्रेशन भिषाको आबेदन तथा डकुमेन्टेशन सेवाका लागि वि.सं. २०६२ साल फागुन ९ गते आधिकारिक रुपमा दर्ता भई बिदेश जान इच्छुक ब्यक्तिहरुलाई सेवा प्रदान गर्दै आएको गुडविल कन्सल्टले सफलतमा १८ बर्ष पूरा गरी १९ बर्ष पुगेको उपलक्ष्यमा गत बुधबार कार्यक्रमको आयोजना गरेको थियो।

विविध भिषामा बिदेश जाने सपना बुनेकाहरुको सपना साकार गर्ने कामको यति लामो समय पार गर्न सफल हुनुमा गुडविलको पेशागत इमानदारिता, ट्रान्सपरेन्सी, सहि सुझाव तथा निर्देशन मात्र होइन योग्य भिषा आबेदक चयन गर्ने क्षमता पनि हो। संस्थाका प्रोपाइटर प्रविण शाहीले हामीले आबेदक जान चाहेको देशको भिषा प्रक्रियाबारे स्वयमूले राम्ररी बुझेर आफू योग्य व्यक्ति भए मात्र भिषा प्रक्रिया अगाडि बढाउन सुझाव दिए। व्यवसायिक शुद्धता र पेशागत मर्यादा कायम राख्दै अघि बढ्ने जानकारी गराए।

चक्रेश्वर फणिन्द्र रत्न बज्राचार्यको दुई पुस्तक सार्वजनिक

• **मेरो संवाददाता**

काठमाडौं/नेपालभाषाका भाषाथुवाः, वरिष्ठ साहित्यकार एवम् चक्रेश्वर फणिन्द्र रत्न बज्राचार्यको दुईवटा पुस्तक गत शनिवार सार्वजनिक गरिएको छ। बज्राचार्य क्लबको आयोजनामा नेपाः ब्यांक्वेटमा भएको कार्यक्रममा उहाँका पुस्तकहरु ' बज्राचार्य' र 'येँ देय्या महाविहार' सार्वजनिक गरिएको हो।

बौद्धविद्वान् यज्ञमानपति बज्राचार्यको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा प्रमुख अतिथिका साथमा बागमती प्रदेशका सांसद शैलेन्द्र बज्राचार्य, नुरज बज्राचार्य, काठमाडौं महानगरपालिकाकी उपप्रमुख सुनिता डंगोल, नेवाः देय् दबूका अध्यक्ष पवित्र बज्राचार्य, कामपा सम्पदा तथा पर्यटन समितिका संयोजक आशामान संगतका साथै विशिष्ट व्यक्तित्वहरुले पुस्तकको लोकार्पण गर्नुभएको थियो।

बज्राचार्य क्लबका अध्यक्ष सर्जु बज्राचार्यको सभापतित्वमा भएको कार्यक्रममा चर्यानृत्य एवम् चर्यागुरु मणिरत्न बज्राचार्य, नरेन्द्रमुनि बज्राचार्यले चर्यावाचन गर्नुभएको थियो। निर्मल बज्राचार्यले संचालन गर्नुभएको कार्यक्रममा दिक्षा गुरुहरुलाई पनि सम्मान गरिएको थियो।

सोही कार्यक्रममा बौद्ध विद्वान फणीन्द्ररत्नले आफ्नी दीक्षा गुरुआमा नन्दकुमारी वज्राचार्यलाई सम्मान गर्नुभएको थियो।

सोही समारोहमा दीक्षा गुरु, गुरुआमा बुद्ध रत्न बज्राचार्य र रुपकमल बज्राचार्य, ज्ञानी राजा बज्राचार्य र पूर्णकुमारी बज्राचार्य, अष्टरत्न बजाचार्य र पुष्पतारा बज्राचार्य, प्रा. डा. नरेशमान बज्राचार्य र नीता बज्राचार्य, पुण्यरत्न बज्राचार्य र अष्टलक्ष्मी बज्राचार्यलाई पनि सम्मान गरिएको थियो।

नेपालले आज लेबनानको सामना गर्ने

• **मेरो संवाददाता**

काठमाडौं/साउदी अरेबियाको जेद्दाहमा जारी आठौं पश्चिम एसियाली फुटबल महासंघ (बाफ) महिला च्याम्पियनसिपको सेमिफाइनल आज हुने भएको छ।

पहिलो सेमिफाइनल खेल प्रिन्स अब्दुल्लाह अल फैसल स्टेडियममा जोर्डन र प्यालेस्टाइनबीच हुने छ भने दोस्रो सेमिफाइनल नेपाल र लेबनानबीच नेपाली समय अनुसार साँझ ५:१५ बजे हुनेछ।

यी सेमिफाइनल खेलहरूबाट विजेता टोलीहरू प्रिन्स अब्दुल्लाह अल फैसल स्टेडियममा २७ फेब्रुअरीमा हुने फाइनल खेल्नेछन्।

जेद्दाहको किंग अब्दुल्ला स्पोर्ट्स सिटीको माध्यमिक मैदानमा फेब्रुअरी २४ मा भएको समूह बीका खेलहरूको तेस्रो र अन्तिम चरणको समाप्ति पछि सेमिफाइनल खेल्ने देशहरुको टुंगो लागेको हो।

सो खेलमा सिरियाले ३८औं, ५०औं र ८०औं मिनेटमा मारिया इलियास, नूर मुस्तफा र रज्जान खोन्डीको गोलमा इराकलाई ३-० (पहिलो हाफ १-०) ले हराएको थियो भने अर्को खेलमा नेपालले प्यालेस्टाइनलाई ४-० गोल अन्तरले पराजित गर्दै सेमिफाइनलमा स्थान पक्का गरेको थियो। पहिलो हाफ १-० ले अगाडि रहेको नेपालका लागि साबित्री भण्डारीले ४१औं र ७९औं मिनेटमा, रेखा बोडेले ६०औं मिनेटमा र गीता रानाले ७९औं मिनेटमा पेनाल्टीमार्फत गोल गरेका थिए।

नेपाल समूह चरणमा अपराजित रहँदै ९ अंकसहित समूहको शीर्ष स्थानमा रहेको छ भने दोस्रो स्थानमा प्यालेस्टाइन (६ अंक), तेस्रोमा सिरिया (३ अंक) र चौथो स्थानमा इराक अंकविहीन छ।

अर्कोतर्फ, समूह ए मा, जोर्डन अन्तिम राउन्ड पछि ९ अंकका साथ शीर्ष स्थानमा छ। लेबनान ६ अंकका साथ दोस्रो स्थानमा छ भने तेस्रो स्थानमा गुआम (३ अंक) र चौथो स्थानमा साउदी अरेबिया रहेको छ।

समूह बी को प्रारम्भिक खेलमा नेपालले सिरियालाई ४-१ ले हराएको थियो भने पहिलो चरणमा प्यालेस्टाइनले इराकलाई ३-० ले हराएको थियो। दोस्रो चरणको खेलमा नेपालले इराकलाई ५-० ले हराएको थियो भने प्यालेस्टाइनले सिरियालाई १-० ले हराएको थियो।

नेपाली महिला टोलीले बाफमा पहिलो पटक सहभागिता जनाएको हो। पहिलो पटकको सहभागितामा नै नेपाली महिला खेलाडीहरुले देखाएको उच्च प्रदर्शनले फुटबलप्रेमी नेपालीहरु हौसिएका छन्। अहिले सामाजिक सञ्जालहरु समेत नेपाली महिला फुटबल खेलाडीहरुको प्रदर्शनको चर्चामा भरिएका छन्। विशेष गरी सावित्री भण्डारीको कर्नर किकको धेरै नै चर्चा भएको छ।

नेपाली क्रिकेटरलाई मासिक एक लाख तलब

• **मेरो संवाददाता**

काठमाडौं/नेपाल क्रिकेट सङ्घ (क्यान) को हालै सम्पन्न केन्द्रीय कार्यसमिति बैठकले पुरुष र महिला खेलाडीको तलव वृद्धि गर्ने निर्णय गरेको छ। प्राप्त जानकारी अनुसार 'ए' श्रेणीमा रहेका राष्ट्रिय क्रिकेट खेलाडीले अब मासिक एक लाख रुपियाँ तलव पाउने भएका छन्। यसअघि ए श्रेणीमा रहने पुरुष खेलाडीको मासिक तलव ६० हजार रुपियाँ थियो।

क्यानले श्रेणी 'ए' मा रहेका पुरुष खेलाडीलाई एक लाख र महिलालाई ५० हजार रुपियाँ दिने निर्णय गरेको छ। क्यानले पुरुषतर्फ ३० र महिलामा १९ जना खेलाडीइलाई 'ए', 'बी', 'सी' र 'डी' श्रेणीमा विभाजन गरी मासिक तवल दिने निर्णय गरेको हो।

यसैगरी पुरुषतर्फ श्रेणी 'बी' मा रहेका खेलाडीले मासिक ७० हजार, श्रेणी 'सी' का खेलाडीलाई मासिक ५५ हजार र श्रेणी 'डी' का खेलाडीहरुलाई मासिक ३५ हजार तथा इमर्जिङ क्याटेगोरीमा मासिक २५ हजार रुपियाँ दिने निर्णय गरेको छ।

क्यानले महिलातर्फ भने 'ए' श्रेणीमा मासिक ५० हजार, श्रेणी 'बी'मा ३५ हजार, श्रेणी 'सी' मा मासिक ३० हजार र श्रेणी डीमा २५ हजार तथा महिलातर्फ इमर्जिङ खेलाडीलाई मासिक २० हजार रुपियाँ दिने भएको छ। सो बैठकले नेपाल 'ए' टोलीको मुख्य प्रशिक्षकमा पूर्व कप्तान ज्ञानेन्द्र मल्ल र प्रशिक्षकमा पूर्व खेलाडी कलाम अली र यू-१९ महिला राष्ट्रिय क्रिकेट टोलीको प्रशिक्षकको जिम्मेवारी महेशप्रसाद रिजाललाई दिने निर्णय गरेको छ।

प्रो. अरुण महर्जन

अरुण दुध डेरी उद्योग

ग्वंग:बुँ, कुलान्तचोक, काठमाडौं । फोन : ०१-४३६०१३३, मो. ९८५१०५८१४२/९८०३५७४८५१



यहाँ दुध, दही, मही, घ्यू, पनिर, बटर, आइसक्रिम, केक आदि पाउनुका साथै
शुभ कार्यको लागि अर्डर बमोजिम सामान उपलब्ध गराईन्छ ।

मेरो साहित्य



✍ **नातीकाजी महर्जन**
थँबहि, यँ ।

बुद्ध मार्गय् पलाः न्त्याके
धर्म ज्ञानया खँत ब्याके
संघय् सकसित दुथ्याके
थुलि यानाः झीसं त्याके

चय्प्यंगू लख जन्म पार याना,
मनू जुनि कयागु खः धरती
थज्यागु अमुल्य अवसर ब्यर्थं,
फुकेगु जुइ स्व तःधंगु गल्ती ।
थुइका जीवन सार्थक यायेनु, मभिंगु बानी धाक्वः त्वःता
बुद्ध धर्म संघय् दुनाःझीसं, चूलाके निर्वाणया भिंगु ह्वःता ।

गुलि दत उलि हे मगाः,
सम्पत्ति धैगु क्षितिजया पहः खः
फुक्कं छन्हु वानाः वनेमानीगु,
मस्यू सुनां थौं या कन्हे ख ।
सीकसीकं छाय् जुइ ? चां न्हिं, भःभःन्हुया ब्वाँय्ब्वाँय् म्वात्तले
न्त्याक्वःहे दःसां सीना वंपिन्सं, छुं ज्वनावंगु दसि मदु आत्तले ।

मयाये क्रोध, अप्वः माया नं,
मच्वने द्वेषया अगिंमथ च्याका
याये बरु भिंगु लजगाः,
दुखीजनपिन्त बोधिज्ञानया खँ ब्याका ।
बुद्ध बचन व उपदेशया सार नं, फूगुचाःगु परोपकार हे खः धर्म
अष्टशीलय् हे च्वनेमा धैगु मदु, पंचशील जक पालना थ्वहे नं सुकर्म ।

टाढिएको तिमी

✍ **सरीना बज्राचार्य**

गुनासो छैन मेरो केही तिमीलाई
नदेखेको मुटु चर्केको देखाउन
आफै समालिन्छु, आफै आँसु बगाउँछु
प्रयत्न गर्छु तिमीलाई जलाउन, म खुशी छु।

अपेक्षा गर्दिन तिम्रो साथको
नदेखेको मुटु चर्केको देखाउन
अनुभवी छु खाएको वाचा बर्‌लिएको
मौनताले ओठ सिलाएको

वर्षौंको माया छिनमा टुक्रिएको निष्ठुरी तिमी
गुनासो छैन मेरो केही तिमीलाई
सजिएको त्यो सपना भुलाई दिन्छु
प्रयत्न गर्छु तिमीलाई जलाउन, म खुशी छु।

टाढिएको तिमी म, प्रतिक्षा गर्दिन
सदैव सुखको कामना छ तिमीलाई
आफै समालिन्छु, आफै आँसु बगाउँछु
प्रयत्न गर्छु तिमीलाई जलाउन, म खुशी छु।

बर्‌लिएको सोच फर्काउन चाहन्न
माया त मैले गरेको रहेछु तिमीले होइन
जसको लागि अन्धो भएँ, ऊ आफै अन्धकार रहेछ
गुनासो छैन मेरो केही तिमीलाई
नदेखेको मुटु चर्केको देखाउनलाई।

सरस्वती निकेतनका विद्यार्थीहरुद्वारा सरसफाइ

• **मेरो संवाददाता**

काठमाडौं/काठमाडौं महानगरपालिकाकोहरेकशुक्रवारसंचालन गरिएको बुक फ्री फ्राइडे अभियान अन्तर्गत यो शुक्रवार टेकुको ओन्देमा रहेको श्री सरस्वती निकेतन माविका विद्यार्थीलाई सरसफाइसम्बन्धी व्यवहारिक ज्ञान दिइएको छ।

वातावरणीय स्वच्छता कायम गर्न आफू बस्ने ठाउँको मात्रै सफाइ नभई आफू बस्ने वातावरण पनि सफा राख्नुपर्छ भन्ने व्यवहारिक ज्ञान दिनको लागि सरसफाइ सम्बन्धी व्यवहारिक क्रियाकलापको आयोजना गरिएको हो। शुक्रवार दिउँसो स्कुलमा अध्ययनरत कक्षा ६ देखि ९ सम्मका करिब २०० विद्यार्थी, प्रधानमन्त्री स्वरोजगार योजनाका तर्फबाट २० र १२ नम्बर वडा कार्यालयबाट २० जना कर्मचारी सहित स्थानीयको समेत उपस्थितिमा सफाइ अभियान चलाइएको हो।

"हामीले आफ्नो वातावरण सफा राखेमा मात्रै आफू बस्ने ठाउँ पनि सफा हुन सक्छ भन्ने सिकाउनको लागि यो अभ्यास गराएका हौं। जस अन्तर्गत विद्यार्थीले आफ्नो शैक्षिक संस्थाको २०० मिटर क्षेत्र सफा गरेका हुन्। सफाइ गरिसकेपछि निस्कने फोहोर व्यवस्थापन पनि सफाइको अर्को पाटो हुन्छ। त्यो पाटोलाई पनि सम्बोधन गर्ने किसिमले हामीले फोहोरको वर्गीकरण र यसको व्यवस्थापनबारे पनि प्रयोगात्मक सिकाइको अभ्यास गरेका छौं" कामनपा वडा नं १२ का वडाध्यक्ष बालकृष्ण महर्जनले भने।

शुक्रवार आयोजना गरिएको सिकाइ अभ्यास फोहोर व्यवस्थापनको क्षेत्रमा काम गर्दै आएको निजी संस्था इन्फो नेपाल र काठमाडौं महानगरपालिकाको प्रत्यक्ष संलग्नता थियो। उक्त सिकाइ अभ्यासमा करिब ३०० जनाको प्रत्यक्ष उपस्थिति थियो।

मातृभाषा पत्रकारिताको महत्वमा छलफल

• **मेरो संवाददाता**

काठमाडौं/अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसर पारेर 'मातृभाषा पत्रकारिताको महत्व' विषयक अन्तर्क्रिया कार्यक्रम भएको छ।

नेवाः पत्रकार राष्ट्रिय दबूको आयोजनामा ज्ञानशाला खुसिबुँमा भएको कार्यक्रममा प्रमुख वक्ता वरिष्ठ पत्रकार सुरेश मानन्धरले भाषा संरक्षण र विकासमा पत्रकारिताको महत्वपूर्ण भूमिका रहेको बताउनुभयो।

उहाँले भन्नुभयो, 'पत्रकारिताको धेरै आयाम हुन्छ। पत्रकारितामार्फत सूसुचित गर्ने, कुनै पनि मुद्दालाई अगाडी ल्याउने, सत्य तथ्य बाहिर ल्याउने जस्ता धेरै काम हुन्छ। त्यस्तै मातृभाषाबाट हुने पत्रकारिताबाट मातृभाषाको संरक्षण गर्ने कार्य पनि हुन्छ।'

मातृभाषाबाट पत्रपत्रिका प्रकाशन, रेडियो टेलिभिजनमा कार्यक्रम संचालनमा अहिलेको अवस्थामा धेरै कठीन भइरहेको बताउँदै उनले मातृभाषाबाट हुने पत्रकारिताको संरक्षणको लागि राज्यले नै व्यवस्था गर्नुपर्ने पनि बताउनुभयो।

कार्यक्रममा सहभागी विभिन्न सञ्चार माध्यमका प्रतिनिधिहरूले मातृभाषाबाट पत्रकारिता गर्न अहिलेको अवस्थामा आर्थिक रुपले धेरै कठीन रहेको, मातृभाषी पाठक स्रोताहरु कम हुँदै गइरहेका, मातृभाषाबाट विविध विषयमा कलम चलाउने पर्ने बिचार राखेका थिए।

कार्यक्रमको अध्यक्षता गर्दै पत्रकार दबूका केन्द्रीय अध्यक्ष नृपेन्द्रलाल श्रेष्ठले मातृभाषाबाट संचालन भइरहेको पत्रपत्रिका, टेलिभिजन, रेडियोको संरक्षण हुनुपर्ने बताउँदै यसको लागि राज्यले मातृभाषा संरक्षणको लागि आफ्नो दायित्व पूरा गर्नु पर्ने बताउँदै राज्यको निकाय सम्म माग पुऱ्याउन देयू दबूले निरन्तर पहल गरिरहने प्रतिबद्धता जनाउनु भयो।

"आरोग्य परमा लाभ"

ललितपुर महानगरपालिका-१६ वडा कार्यालय र
अरनिको समाजको संयुक्त आयोजनामा

बृहत निःशुल्क स्वास्थ्य शिविर

मितिः २०८० फागुण महिना र चैत्र दोस्रो सातासम्म प्रत्येक शनिबार

फागुण ५ गते	फागुण १२ गते	फागुण १९ गते	फागुण २६ गते	चैत्र ३ गते	चैत्र १० गते
मंगलबजार	नकबही	नागबहाल	बुबहाल	स्थः	मंगलबजार
स्नायु वा नशा सम्बन्धी रोग	मधुमेह, निशुल्क रक्तचाप सुगर जाँच र आवश्यकता अनुसार कोलेस्टेरोल जाँच	हाडजोर्नी नशा	मुटुरोग र चिकित्सकको परामर्श अनुसार निशुल्क इको जाँच	स्त्री रोग, बाल रोग	पेट तथा कलेजो, छातीरोग (जनरल) जेष्ठ नागरिकको स्वास्थ्य परीक्षण
डा. सर्वोतम श्रेष्ठ	डा. बुद्धबहादुर कार्की, डा मनिलरत्न बज्राचार्य	डा. शैलेन्द्र महर्जन, डा. प्रमोद देवकोटा	डा. दिपंकर प्रजापति, डा. नम्रता श्रेष्ठ	डा. दिपकराज मण्डारी(बालरोग), डा. उर्मिला शाक्य मुटुरोग तथा बलरोग, डा. अजला प्रजापति (स्त्रीरोग)	डा. सर्वोतम श्रेष्ठ, डा. कृष्णगोपाल महर्जन र डा. सुशील प्रजापति

समयः
हरेक शनिबार बिहान ९ बजेदेखि १२ बजेसम्म

सहयोगः
१६ वडा स्वास्थ्य कार्यान्वयन समिति

चिकित्सकको परामर्श अनुसार परीक्षण गर्न आउनेहरूलाई निःशुल्क औषधी वितरण गरिने छ।

वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- *१८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,*
- *वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,*
- *आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,*
- *अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,*
- *ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं, दलालको फन्दामा नपरौं,*
- *सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं,*
- *नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,*
- *सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,*
- *विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,*
- *विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं. श्रम स्वीकृतीको अवधि सकिएपछी अनिवार्य स्वदेश फर्किऔं,*
- *पुनः जानु पर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं।*

नेपाल सरकार
विज्ञापन बोर्ड



कुनै पनि शुभ कार्य जस्तै :
शुभ विवाह,
व्रतवन्ध, पास्नी,
साथै सभा समारोहको लागि
फूल क्याटरिङ्गसहित हल चाहिएमा
सम्पर्क गर्नुहोस्।

त्रिरत्न मानन्धर
९८४१३१६६३०

सानुकाजी महर्जन
५८४१५६०६१०

स्वयम्भू ब्याङ्क्वेट
भुइखेल, स्वयम्भु, काठमाडौं। सम्पर्क : ०१५३८१५३८